नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४] काठमाडौं, आषाढ ३० गते २०२१ साल [संख्या १४

श्री ५ को सरकार

पञ्चायत मन्त्रालय

(प्रचार विभाग)

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको पत्रप्रतिनिधि नियमहरू, २०२१ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०१९ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "पत्रप्रतिनिधि नियमहरू, २०२१" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमाः–

(क) "पत्रप्रतिनिधि" भन्नाले प्रकाशित हुने कुनै पनि समाचार वा सामयिक पत्र–पत्रिकाको प्रतिनिधि वा सम्वाद समितिको प्रतिनिधि सम्झनु पर्छ । र सो शब्दले त्यस किसिमको पत्र वा सम्वाद समितिको प्रतिनिधित्व गर्ने फोटोग्राफर वा अधिकृत रूपमा प्रमाणपत्र पाएको फोटोग्राफर वा न्यूजरिल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्यामेरा म्यान वा रेडियो वा टेलिभिजनका प्रतिनिधि र क्यामेरा म्यानलाई समेत जनाउंछ,

(ख) "सम्वाददाता" भन्नाले देशका विभिन्न इलाकामा समाचार संकलन गरी खण्ड (क) मा उल्लेख गरिए बमोजिमका समाचारपत्र वा सम्वाद समिति-हरूमा पठाउने व्यक्तिलाई सम्झनु पर्छ,

(ग) "डाइरेक्टर" भन्नाले श्री ५ को सरकारको प्रचार विभागको डाइरेक्टर सम्झनु पर्छ ।

३. हरेक पत्रप्रतिनिधि तथा सम्वाददाताले प्रमाणपत्र लिनु पर्ने:– (१) कुनै पनि व्यक्तिले प्रमाणपत्र नलिई पत्रप्रतिनिधि वा सम्वाददाताको काम गर्न पाउने छैन । प्रमाणपत्र लिन चाहने व्यक्तिले अनुसूची (१) मा लेखिए बमोजिमको आवेदनपत्रमा आफ्नो पासपोर्ट साइजको फोटो एक टांसी र अर्को त्यस्तै एक फोटो नत्थी गरी डाइरेक्टर छेउ पेश गर्नु पर्छ ।

(२) उपनियम (१) बमोजिम आवेदनपत्र पेश गर्ने व्यक्तिले आवेदनपत्रसाथ छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०१९ बमोजिम; आफ्नू समाचारपत्र वा पत्रिकाको रजिष्ट्रेशन गरेको नम्बर खोली स्थानीय पदाधिकारीबाट प्राप्त भएको अनुमतिपत्र पनि पेश गर्नुपर्छ र आवेदक नेपाली नागरिक नभए सम्बन्धित समाचारपत्रको सम्पादक वा प्रकाशक वा सम्वाद समितिको व्यवस्थापक वा रेडियो वा टेलिभिजन वा न्यूजरिल संस्थाका अधिकार प्राप्त व्यक्तिको सिफारिशपत्र पेश गर्नुपर्छ ।

(३) उपनियम (१) अन्तर्गत आवेदनपत्र दिंदा नियम ५ मा उल्लेख गरे बमोजिमको प्रमाणपत्र शुल्कसमेत बुझाउनु पर्छ ।

(४) उपनियम (३) बमोजिम शुल्क बुझाएमा डाइरेक्टरले अनुसूची (२) मा लेखिए बमोजिमको प्रमाणपत्र दिन सक्नेछ ।

४. नागरिकताको प्रमाणपत्र वा परिचयपत्र पेश गर्नुपर्ने:– नियम ३ अनुसारको प्रमाणपत्रको निमित्त आवेदनपत्र दिंदा आवेदकले नेपाल अधिराज्यको नागरिक भए आफ्नो जिल्लाको बडाहाकिम वा मेजिष्ट्रेट र विदेशी नागरिक भए आफ्ना देशका सम्बन्धित विभागले दिएको चालू वर्षको त्यस्तै प्रमाणपत्र वा आफ्नू देशको कूटनीतिक प्रतिनिधि वा वाणिज्य दूतले दिएको परिचयपत्रसमेत आवेदन पत्र साथै पेश गर्नु पर्दछ ।

५. प्रमाणपत्रको शुल्क:– (१) पत्रप्रतिनिधि तथा सम्वाददाताको प्रमाणपत्रको लागि रू. ५।– र सो प्रमाणपत्रलाई नवीकरण गर्दा रु. ३।– शुल्क लाग्नेछ । सो शुल्क डाइरेक्टर वा निजले खटाएको अफिसरले तोकेको ठाउं र समयमा बुझाउनु पर्छ ।

(२) उपनियम (१) मा जेसुकै लेखिएको भए तापनि विदेशी पत्रप्रतिनिधि वा सम्वाददातालाई प्रमाणपत्र दिंदा प्रमाणपत्रको लागि रू. १५।– र नवीकरणको लागि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. १०।– शुल्क लाग्नेछ । सो शुल्क डाइरेक्टर वा निजले खटाएको अफिसरले तोकेको ठाउं र समयमा बुझाउनु पर्छ ।

६. प्रमाणपत्रको अवधिः– प्रत्येक प्रमाणपत्र एकवर्षको निमित्त बहाल रहनेछ तर सो अवधि भुक्तान भएपछि प्रमाणपत्र नवीकरण गराउन सकिनेछ ।

७. प्रमाणपत्र पाएको व्यक्तिको कार्यक्षेत्रः– पत्रप्रतिनिधिको कार्यक्षेत्र साधारणतया उपत्यका र सम्वाददाताको हकमा प्रमाणपत्रमा निर्धारित स्थान हुनेछ तर उपत्यका बाहिरबाट प्रकाशित हुने समाचारपत्रको कार्यक्षेत्रको हकमा सो पत्र प्रकाशित हुने जिल्ला र उपत्यकासमेत हुन सक्नेछ ।

८. प्रमाणपत्र पाएको व्यक्तिको मुख्य व्यवसायः– पत्रकारिता तथा न्यूजरि टेलिभिजन क्यामेरा म्यानहरूका लागि निर्धारित काम नै पत्रप्रतिनिधिको व्यवसाय मानिनेछ ।

९. फोटोग्राफी सम्बन्धी व्यवस्थाः– पत्रप्रतिनिधिले सामाजिक वा धार्मिक वा सुरक्षात्मक दृष्टिबाट तस्वीर खिच्न वाञ्छनीय नहुने किसिमको स्थान वा वस्तुको चित्र खिच्न पाउने छैन । डाइरेक्टरले समय समयमा त्यस्तो स्थान वा वस्तुको सूचना प्रकाशित गर्नेछ ।

१०. श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानीको चित्र प्रकाशित गर्न पूर्व स्वीकृति चाहिनेः– श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारहरूको तस्वीर अधिकृत रूपबाट प्राप्त भएकोमा बाहेक छापी प्रकाशित गर्न अथवा प्रयोग गर्नको निमित्त शाही प्रेस सचिवालयको पूर्व स्वीकृति लिनु अनिवार्य हुनेछ ।

११. अस्थायी प्रमाणपत्र दिन सकिनेः– (१) कुनै पत्रप्रतिनिधिले वा सम्वाददाताले कुनै खास समारोह वा कामको लागि वा कुनै फिल्म कम्पनीले फिल्म खिच्न वा नेपालबारे डकुमेण्टरी बनाउनको लागि अस्थायी प्रमाणपत्रको निमित्त आवेदनपत्र दिएमा डाइरेक्टरले अस्थायी प्रमाणपत्र दिन सक्नेछ । सो प्रमाणपत्रको अवधि तथा अन्य शर्तहरू सोही प्रमाणपत्रमा तोकिए बमोजिम हुनेछन् ।

(२) अस्थायी प्रमाणपत्रको निमित्त समेत नियम ५ को उपनियम (२) अनुसार शुल्क लाग्नेछ ।

१२. चलचित्र खिच्न शर्तहरू पूरा गर्नुपर्नेः– (१) यो नियमहरूमा जेसुकै लेखिएको भए तापनि विदेशी पत्रप्रतिनिधिद्वारा डकुमेण्टरी टेलिभिजन, न्यूजरिल वा अन्य चलचित्रहरू लिनको निमित्त प्रचार विभागसंग विशेष सम्झौता नगरी काम गर्न पाइनेछैन । सो सम्झौतामा मुख्यतः देहायका शर्तहरू रहनेछन्ः–

(क) खिचिएका फिल्मको १ अन्तिम प्रति कमसेकम १६ मिलिमिटरमा प्रचार विभागमा बुझाउनु पर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सो कपी निश्चित अवधिभित्र बुझाउने सम्बन्धमा नजिकको आफ्नो राजदूतावास वा वाणिज्य दूतावास वा अन्य कुनै प्रकारको कूटनीतिक नियोग वा विदेश विभागबाट प्रमाणित आश्वासनपत्र दाखिल गर्नपर्ने,

(ग) त्यस्तो प्रमाणित आश्वासन पत्र दाखिल गर्न नसकेमा रोयल्टीको दश गुना बढीसम्म डिपोजिट राख्नुपर्ने,

(घ) प्रस्तावित चलचित्रको सारांश र विषय वस्तु तथा प्रकृतिबारे प्रचार विभागबाट पूर्व स्वीकृति लिनुपर्ने ।

(२) नेपालको राजकीय भ्रमणमा आउनु भएको कुनै राष्ट्रप्रमुख राजप्रतिनिधि वा सम्माननीय पाहुनाको नेपाल यात्राको अवसर र महत्त्वपूर्ण राजकीय अवसरमा समारोहको चलचित्र खिच्न आएको कुनै फिल्म क्यामेरा म्यान, टेलिभिजन क्यामेरा म्यान, प्रेस फोटो ग्राफर वा त्यस किसिमको कुनै काम गर्ने व्यक्तिसंग चलचित्रको रोयल्टी लिइने छैन ।

(३) कुनै व्यापारिक कम्पनीले उपनियम (२) मा उल्लेख गरिएको बाहेक अन्य अवसरमा कुनै प्रकारको चलचित्र खिच्न अनुमति मागेमा त्यसको रोयल्टी डाइरेक्टरको अध्यक्षतामा अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयको एक एक प्रतिनिधि भएको समितिबाट स्क्रिप्ट, लमाइ र अन्य कुराहरूको आधारमा निर्धारण भए बमोजिम लिइनेछ ।

(४) चलचित्र खिच्ने कम्पनीलाई आवश्यक सुविधा तथा लियाजो अफिसर खटाउने सम्बन्धी कार्यहरू उपनियम (३) बमोजिम गठन भएको समितिले तोके बमोजिम हुनेछ ।

(५) उपनियम (१), (२), (३), र (४) मा जेसुकै लेखिएको भए तापनि एक्सपिडिशनमा आउने विदेशीहरूले चलचित्र खिच्दा परराष्ट्र मन्त्रालयको नियमानुसार गर्नु पर्नेछ ।

१३. फोटोग्राफीको लागि प्रमाणपत्र लिनुपर्ने:— (१) कुनै पत्रप्रतिनिधिले प्रेस फोटोग्राफी वा न्यूजरिल वा टेलिभिजनको लागि चलचित्र लिन छुट्टाछुट्टै फोटोग्राफी सम्बन्धी प्रमाणपत्र लिनुपर्नेछ ।

तर यस सम्बन्धमा नियम ५ को उपनियम (२) मा लेखिएको कुरा लागू हुने छैन

(२) फोटो सम्बन्धी प्रमाणपत्र दिंदा प्रत्येक समाचार वा सम्वाद समितिलाई एकभन्दा बढी प्रमाणपत्र दिइनेछैन तर स्वदेशी सम्वाद समितिलाई आवश्यक देखिएमा डाइरेक्टरले निर्धारित गरेको क्षेत्रको निमित्त [illegible] प्रमाणपत्र दिन सकोस् । लागु हुनेछ।

१४. सबै प्रमाणपत्रहरू व्यक्तिगत हुनेः– (१) एक व्यक्तिलाई दिइएको प्रमाणपत्र सो व्यक्तिबाहेक अरू कसैले पनि उपयोग गर्न पाउने छैन । तर पत्रप्रतिनिधिले सम्वाद-दाताको अस्थायी अनुपस्थितिमा वा अरू कुनै मुनासिब परिस्थितिमा सम्वाद समिति वा समाचारपत्रको तर्फबाट अरूलाई पठाउनु पर्ने भएमा त्यसको जनाउ डाइरेक्टर छेउ तुरून्तै पठाउनु पर्नेछ ।

(२) कुनै पत्रप्रतिनिधि वा सम्वाददाताले प्रतिनिधित्व गर्ने काम छोडेमा निजले वा सम्बन्धित सम्वाद समिति वा समाचारपत्रले एक हप्ता अगावै श्री ५ को सरकारको प्रचार विभागमा सूचना दिनु पर्नेछ ।

(३) उपनियम (१) मा लेखिएको परिस्थितिमासमेत प्रमाणपत्र प्राप्त नगरी एक महीनाको अवधिभन्दा बढी समयको निमित्त काम गर्न पाइने छैन ।

१५. प्रतिकूल आचरण गरेमा प्रमाणपत्र खारेज हुनेः– कुनै पत्रप्रतिनिधि वा सम्वाददाताले आफ्नो व्यवसायको प्रतिकूल आचरण गरेमा वा निजलाई प्रदान गरिएको सुविधा र सहुलियतको दुरुपयोग गरेमा वा सम्बन्धित व्यवसायमा हुनु पर्ने नियमितता, सच्चाइ इत्यादिको पालन नगरी जानी जानी भ्रामक तथा द्वेषपूर्ण समाचारहरू पठाउने गरेमा डाइरेक्टरले निजको प्रमाणपत्र कुनै बखत पनि खारेज गर्न सक्नेछ ।

१६. अधिकार सुम्पन सक्नेः– यो नियमहरू बमोजिम पाएको सबै वा केही अधिकार डाइ-रेक्टरले कुनै शर्तहरू राखी वा नराखी आफू मुनिका कुनै अधिकारीलाई सुम्पन सक्नेछ ।

१७. यस नियम बमोजिम हुनेः– यो नियमहरूमा लेखिएको कुरामा यही बमोजिम र अन्य कुराहरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१८. खारेजीः– पत्र प्रतिनिधि नियमहरू, २०१७ खारेज गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची (१)

(नियम ३ संग सम्बन्धित)

फोटो

प्रतिनिधि वा सम्वाददाताको प्रमाण पत्रको लागि आवेदन पत्र

श्री डाइरेक्टर,
प्रचार विभाग,
श्री ५ को सरकार,
काठमाडौं, नेपाल ।

महोदय,

म ... ... को तर्फबाट ... ... भई नेपाल अधिराज्य । जिल्ला ... ... मा देखि .... सम्म काम गर्न इच्छुक भएकाले पत्रप्रतिनिधि नियमहरू, २०२१ बमोजिम स्थायी, अस्थायी प्रमाणपत्रको निमित्त । नवीकरण गर्नको लागि । आवेदनपत्र पेश गरेको छु । प्रमाणपत्र लिनको निमित्त वा नवीकरण गर्नको निमित्त लाग्ने शुल्क रू. ..... यसैसाथ बुझाएको छु वा बुझाएको ..... को रसीद यसैसाथ छ । यी नियमहरू पालन गर्न मेरो मञ्जूरी छ ।

निम्नलिखित कागजहरूयसै साथ पेश गरेको छु । स्थायी वा अन्थायी प्रमाणपत्र पाऊ ।

१. ----------
२. ----------
३. ----------
४. ----------
५. ----------
६. ----------

ठेगाना– अस्थायी:– ----------
स्थायी:– ----------

दस्तखत ----------
मिति ----------

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची (२)

(नियम ३ संग सम्बन्धित)

फोटो

पत्रप्रतिनिधि नियमहरू, २०२१ अन्तर्गत दिइएको प्रमाणपत्र

प्रमाणपत्र संख्या ----------

प्रमाणपत्र पाएको व्यक्तिको नाम र ठेगाना ----------

प्रमाणत्र पाएको व्यक्तिले गर्ने काम ----------

प्रमाणपत्र पाएको व्यक्तिले काम गर्ने स्थान ----------

प्रमाणपत्रको अवधि ----------

मिति ----------

प्रमाणपत्र दिने अधिकारीको दस्तखत ----------

आज्ञाले–
कुलशेखर शर्मा
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

पञ्चायत मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको नगर पञ्चायत (कार्य व्यवस्था) संशोधन नियमावली २०२० सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेकोछः–

नगर पञ्चायत (कार्यव्यवस्था) नियमावली, २०२० (यसपछि मूल नियमावली भनिएको) मा संशोधन गर्नु वाञ्छनीय भएकोले नगर पञ्चायत ऐन, २०१९ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएकोछः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम नगर पञ्चायत (कार्य व्यवस्था) (प्रथम संशोधन) नियमावली, २०२० रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ६ मा संशोधनः– मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ क र ६ ख राखिएको छः–

६ क. व्यापार वा व्यवसायबाट आर्जन गरिएको वार्षिक मुनाफा करः– (१) देहायका किसिमको व्यापार वा व्यवसायबाट आर्जन गरिएको वार्षिक मुनाफामा मात्र नगर पञ्चायतले ऐनको दफा ३९ को उप–दफा (२) बमोजिम कर लगाउन सक्नेछः–

(१) व्यावसायिक दृष्टिबाट गरिएको माल सामानको विक्री,
(२) नगदी वा जिन्सी लगानी,
(३) खेती,
(४) बिमा (इन्स्योरेन्स) व्यवसाय,
(५) ऐजिन्सी,
(६) सवारी सम्बन्धी व्यवसाय, र
(७) श्री ५ को सरकारको सेवाबाहेक रू. ६०००। छ हजारभन्दा बढी आय हुने वकालत, डाक्टरी र अरू त्यस्तै पेशा ।

(२) उप–नियम (१) मा उल्लिखित व्यापार वा व्यवसायबाट आर्जन गरिएको वार्षिक मुनाफाको कर निर्धारण गर्नुपर्दा श्री ५ को सरकारको कर अड्डाले वार्षिक आय निर्धारण गरी प्रमाणित गरेको छ भने सो रकमलाई नै आधार मानी वार्षिक मुनाफा कर निर्धारण गर्नुपर्छ, र त्यसरी प्रमाणित गरिएको नभए नेपाल आयकर ऐन, २०१९ सो अन्तर्गत बनेका नियमहरू तथा आदेशहरू बमोजिमको कार्यप्रणाली अपनाउनु पर्छ ।

६ ख. थप कर, दस्तूर, फी लगाउन नपाइनेः– नगर पञ्चायतले निकासी, पैठारी भन्सार महसूल तथा केन्द्रीय अन्तःशुल्कमा थप कर, दस्तूर, फी आदि लगाउन पाउने छैन ।

आज्ञाले–
(कुलशेखर शर्मा)
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।